# नलगाड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दल्ली जाजरकोट

कर्णाली प्रदेश नेपाल

इमेल :- ito.nalgaadmun@gmail.com


पत्र संख्या :- ०७९/०८०
चलानी नं.:- 669

मिति :- २०७९।०८।१२

**पोषण सहजकर्ता करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति :- २०७९।०८।१२ गते

प्रस्तुत सम्बन्धमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौ बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा पोषण सहजकर्ता १ (एक) पद करारको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजश्व बुझाएको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम यस नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ र म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. माग गरिएका पद :-

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०२/०७९/०८० | पोषण सहजकर्ता | १ (एक) | |

२. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क.मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । सामुदायिक परिचालनको क्षेत्रमा कम्तीमा २ वर्ष अनुभव हासिल गरेको ।

ख. दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको ।

ग. सम्बन्धित स्थानीय तहमा स्थायी बसोवास गरेको ।

३. दरखास्त दिने स्थान :- प्रशासन, योजना तथा अनुगमन शाखा नलगाड नगरपालिका दल्ली

४. दरखास्त दिने अन्तिम मिति :- २०७९।०८।२६ गते उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट कार्यालय खुलेको दिन

५. आवेदन दस्तुर :- रु.५००। (पाँच सय रुपैया मात्र)

६. छनौटको किसिम :- लिखित परिक्षा र अन्तरवार्ता

७. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु

(क) नागरिकता (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र (ग) चारित्रिक प्रमाण पत्र (घ) कामसंग सम्बन्धित अनुभव भए सोको कागजात (ङ) तालिमहरुको प्रमाणपत्र (च) २ प्रति पासपोर्ट फोटो

८. सेवा सुविधा तथा अन्य :- कार्यालयको नियमानुसार ।

९. आवेदनको ढाँचा :- **www.nalgaadmun.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

मानबहादुर गिरी
(प्रमुख प्रशासकीय अधिकृत)